आज मिति २०८० साल पौष २७ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृबिन्द्र कुमार चौलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | श्री बालकृष्ण दाहाल | बरिष्ठ लेखा अधिकृत | |
| २ | श्री माधव अधिकारी | सूचना प्रविधि अधिकृत | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. मानव अधिकार सम्बन्धी स्थानीय तह समन्वय समिति गठन सम्बन्धमा ।

३. टोल विकास संस्था (गठन तथा सञ्चालन) कार्यविधि, २०८० सम्बन्धमा ।

४. आर्थिक ऐन संशोधन सम्बन्धमा ।

५. बेरुजु फछ्यौंट सम्बन्धमा ।

६. कर्मचारीको म्याद थप सम्बन्धमा ।

७. बलेफी गाँउपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि,२०८० सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

निर्णयहरु:

१. अघिल्लो बैठकमा गरिएका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको पाइयो ।

२. मानवअधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (२०७८-८२) को दफा ४.२.४ बमोजिम देहायका सदस्यहरु रहने गरि मानवअधिकार सम्बन्धी स्थानीय तह समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

| | | |
|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | संयोजक |
| २ | श्री सरु लामा तामाङ | सदस्य |
| ३ | श्री हुप बहादुर खड्का | सदस्य |
| ४ | श्री छविलाल न्यौपाने | सदस्य |
| ५ | श्री रितेश तामाङ | सदस्य |
| ६ | श्री सुर्जे तामाङ | सदस्य |
| ७ | श्री यादव ठकुरी | सदस्य |
| ८ | श्री तेज बहादुर पराजुली | सदस्य |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | सदस्य |
| १० | श्री रमेश कुमार श्रेष्ठ | सदस्य |
| ११ | श्री सल बहादुर पाण्डे | सदस्य |
| १२ | श्री भक्तलाल श्रेष्ठ | सदस्य |

| | | |
|---|---|---|
| १३ | श्री रोशनी श्रेष्ठ | सदस्य |
| १४ | श्री बिमला सापकोटा | सदस्य |
| १५ | श्री हरि शरण बस्नेत | सदस्य |
| १६ | श्री रेवन्त दहाल | सदस्य सचिव |

३. बलेफी गाउँपालिकाको टोल विकास संस्था (गठन तथा सञ्चालन) कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

४. राजस्व परामर्श समितिको सिफारिस बमोजिम आर्थिक ऐन संशोधनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

५. लेखा समितिको निर्णय बमोजिम नियमित गर्नुपर्ने बेरुजू फछ्र्यौटका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

६. यस बलेफी गाउँपालिका अन्तर्गत गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरूमा कार्यरत अस्थायी, ज्यालादारी तथा करार सेवाका कर्मचारीहरूको सेवा अवधि कार्यरत निकाय/शाखामा पद सिर्जना हुने गरि २०८० माघ १ गते देखि २०८१ असार मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

७. बलेफी गाँउपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि,२०८० स्वीकृत गर्ने निर्णय गरियो ।

८. विविध

क. बलेफी गाउँपालिका वडा नं. ६ को दशैं तिहार सडक सरसफाईका लागी अपुग भएको रकम रु. ५०,८४६/- वडा कार्यालयको सिफारिस बमोजिम सोही वडा अन्तर्गतको बसेरी खोला ढाँडटोल खानेपानी मर्मत शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ख. बलेफी गाउँपालिका वडा नं. ८ को ड्यामसाईड, झोलुङ्गे र लामोसाँघु क्षेत्रमा बसोबास गर्ने नेवार समुदायले नेपाल सम्बत ११४४ को अवसरमा आयोजना गरेका र्‍याली तथा विविध सांस्कृतिक कार्यक्रममा भएको खर्च रकम रु.३०,०००/- पुष्प लाल प्रधानलाई भुक्तानी दिने निर्णय गरियो ।

ग. बलेफी गाउँपालिका वडा नं. ३ मा रहेको टेङथली खोला झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

घ. बलेफी गाउँपालिका वडा नं. ८ मा रहेको श्री ग्रिनलाईन बहुउद्देश्यीय सहकारी संस्था लि. ले कफी तथा टिमुर खेतीका लागी लिएको रिणुका न्यौपानेको जग्गा भाडा बापतको रकम रु. १३,२००/- गाउँपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

ङ. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारींका लागि चालु आ.व. मा विनियोजित रु.३६,००,०००/- प्रत्यक वडालाई दामासाहीले बजेट बाँडी वडाबाट छनौट भएका योजना तथा कार्यक्रम सञ्चालनका लागि साझेदारी गर्ने र निर्माण कार्यसँग सम्बन्धित योजनाको लागत अनुमान बमोजिमका सामाग्री खरिद गर्ने । साथै, कामदार रोजगार सेवा केन्द्रमा सूचीकृत भएका मध्येबाट छनौट गरि तोकीएको दररेटमा काममा लगाउने र निर्माण सामाग्रीको खरिद कार्य सोही उपभोक्ता समितिबाट गर्ने गराउने भनी स्थानीय निर्देशक समितिले सिफारिस गरेबमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

च. यस गाउँपालिकामा सार्वजनिक तथा निजी जग्गा नाप जाँचका लागि अमिन आवश्यक देखिएकाले एकजना अमिन (चौथो तह) को पद सिर्जना गरि अमिन नियुक्त गर्ने निर्णय गरियो ।

छ. बसेरी खोला डाँडा कटेरी खानेपानीको लिफ्टीङ्ग मेशिन मर्मतका लागि लागत अनुमान बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

ज. बागमती प्रदेश सामाजिक विकास मन्त्रालयले सञ्चालन गर्ने गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयनका लागि यस बलेफी गाउँपालिकाले ३१ प्रतिशत लागत साझेदारी गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो।